**निर्णय :**

१. कास्की जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७ लाई अद्यावधिक गर्न गठित कार्यदलले तयार गरेको प्रस्ताव बैठकमा प्रस्तुत भई छलफल हुँदा बैठकबाट प्राप्त भएका सुझावहरु समेतलाई समावेश गरि कास्की जिल्लाको **विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७८** परिमार्जन सहित स्वीकृत गरी सम्बन्धित सबैको जानकारीका लागि जिल्ला प्रशासन कार्यालय, कास्कीको वेभसाइटमा राख्ने व्यवस्था मिलाउने ।

२. बर्षात / मनसुनको सुरुवात सँगै कास्की जिल्लामा हुन सक्ने प्राकृतिक विपत्तिहरु रोकथाम, नियन्त्रण, खोज तथा उद्दार कार्यलाई व्यवस्थित वनाउन तयार गरि पेश भएको **मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८** छलफल हुदाँ बैठकबाट प्राप्त भएका सुझावहरु समेतलाई समावेश गरी स्वीकृत कार्ययोजना तत्काल कार्यान्वयन गर्ने ।

३. कास्की जिल्लामा २०७७ सालको मनसुनजन्य विपद्‌बाट क्षति भएका निजी आवासहरु सवलिकरण, पुनर्निर्माण तथा पुनस्थापनका लागि जिल्ला स्थित स्थानीय तहहरुबाट प्राप्त २०२ लाभग्राहीहरुको नामाबली जिल्ला विपद् व्यवस्थापन समितिबाट अनुमोदन हुने गरी मिति २०७८/०२/२८ गते नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाई पहिलो किस्ता बापतको रकम समेत निकासा भई आएको हुँदा सो बमोजिम लाभग्राहीहरुको नामाबली अनुमोदन गर्ने निर्णय गरियो।

४. जिल्ला स्थित स्थानीय तहहरुलाई आफ्नो स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समितिबाट लाभग्राही पहिचान गरी निजहरुसँग अनुदान सम्झौता गरी सोको विवरण यथा समयमा जिल्ला विपद् व्यवस्थापन समितिमा उपलब्ध गराउन अनुरोध गरी पठाउने ।

५. नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट लाभग्राही कायम भई आएका लाभग्राहीहरुको निर्माण तथा पुन निर्माण कार्यमा प्रदेश सरकार र स्थानीय तहले गर्नुपर्ने लागत सहभागिताको रकम जिल्ला विपद् व्यवस्थापन कोषमा उपलब्ध गराई दिन गण्डकी प्रदेश सरकार र जिल्ला स्थित स्थानीय तहहरुलाई अनुरोध गरि पठाउने ।

६. यस बर्षको मनसुन सगैं भएको वर्षातका कारण जिल्लाका विभिन्न स्थानमा घटेका बाढि, पहिरो,डुवान, कटान लगायतका विपद्‌जन्य घटनाहरुको सूचना संकलन, खोज तथा उद्दार, राहत एवम् पुनस्थापना कार्य सम्बन्धित सरोकारवाला निकाय एवम पक्षसँगको समन्वयमा प्रभावकारी रुपमा सञ्चालन गर्न देहाय बमोजिमका कार्यहरु गर्ने :

क. यस बर्षको मनसुन शुरु भई सक्रिय भईसकेकोमा वर्षातका कारण वाढी तथा डुवानका घटना घटी सकेकोले त्यस्ता क्षेत्रमा रहेका वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने र विपद्‌को समयमा प्रयोग हुने राहत सामाग्रीहरु समयमा नै खरिद गरी भण्डार गर्ने व्यवस्था मिलाउन जिल्ला स्थित स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

ख. खाद्यान्न तथा अन्य राहत सामाग्रीको स्टकको अवस्था मिलाई विपद्‌को समयमा तत्काल आवश्यक पर्ने राहत (खाद्यन्न, तेलहन, दलहन आदी) छुट्टाई प्रयोग गर्न सक्ने गरी व्यवस्थापनका लागि उद्योग बाणिज्य संघ पोखरा र चेम्बर अफ कमर्श पोखरालाई अनुरोध गर्ने ।

ग. नेपाल रेडक्रस सासईटी जिल्ला शाखा कास्कीले कम्तिमा ८०० घर परिवारका लागि तत्काल आवश्यक पर्ने राहत सामाग्री (पाल, सामान्य भाडाकुडा र लत्ताकपडा) तयारी अवस्थामा राख्ने व्यवस्थाका लागि अनुरोध गर्ने ।

घ. विद्युत, खानेपानी तथा सञ्चार क्षेत्रमा बाढी पहिरोका कारण पुग्न सक्ने अवरोधलाई तत्काल हटाई त्यस्ता सेवालाई तुरुन्त सुचारु हालतमा राख्न आवश्यक जनशक्ति र साधनको व्यवस्था मिलाई राख्न नेपाल खानेपानी संस्थान, नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमलाई लेखि पठाउने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

धनेश्वर गौतम
प्रमुख जिल्ला अधिकारी

ङ. विपद्का कारण घाईते तथा विरामीहरुको तत्काल प्राथमिक उपचार र अन्य उपचारको प्रवन्ध मिलाई राख्न औषधिजन्य बस्तुहरुको आवश्यक भण्डारण गर्न स्वास्थ्य कार्यालय, कास्की र जिल्ला स्थित सबै स्थानीय तहहरुलाई अनुरोध गरी पठाउने ।

च. डिभिजन सडक कार्यालय, पूर्वाधार विकास कार्यालय तथा सबै स्थानीय तहहरुले बाढी, पहिरो, नदी कटान आदीका कारण सडक क्षती भई यातायात अवरुद्ध हुन सक्ने भएकोले सो को मर्मत सम्भार गरी तत्काल यातायात सुचारु गर्न सक्ने व्यवस्था मिलाउन आवश्यक प्राविधिक, मेसिनरी तथा जनशक्ति समेतको व्यवस्थापन गरि तयारी अवस्थामा राख्ने ।

छ. नदी कटान तथा पहिरोको कारण घर तथा बस्तीलाई जोखिम भई तत्काल नियन्त्रणमा लिन आवश्यक पर्ने तारजालीको व्यवस्था एवम् सो को व्यवस्थापनको लागि सिँचाई विकास डिभिजन कार्यालय पोखरालाई जिम्मेवारी दिने ।

७. मनसुनजन्य वर्षातका कारण आउन सक्ने विपद्जन्य घटनाहरुको जोखिम न्युनिकरणका लागि सम्भाव्य जोखिम स्थानका वस्तिहरुमा पूर्वसूचना तथा तयारीका साथ रहन स्थानीय तहहरुले चेतनामूलक क्रियाकलाप सञ्चालन गर्ने तथा सूचना प्रवाह गर्ने ।

८. जिल्ला समन्वय समिति, कास्कीलाई विपद् व्यवस्थापनका लागि कास्की जिल्ला स्थित सबै स्थानीय तहहरु एवम् अन्य सरोकारवाला निकाय/संस्थासँग समेत समन्वय गर्न अनुरोध गर्ने।

९. विपद व्यवस्थापनको खोज तथा उद्धारमा सहभागी हुने जिम्मेवारी प्राप्त नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको Rapid Response Team (RRT) लाई तयारी अवस्थामा रहन निर्देशन दिने ।

१०. पोखरा महानगरपालिकाले सञ्चालन गर्न लागेको गण्डकी बहुप्राविधिक शिक्षालय भवनको लागि पोखरा महानगरपालिका वडा नं २९ साविक शिशुवा ०२ मा रहेको कित्ता नं ३९०१, ३९०२ र ३९०३ को १३ रोपनी १५ आना २ पैसा २ दाम क्षेत्रफल भएको सरकारी जग्गा विपद् व्यवस्थापनको लागि आवश्यक नपर्ने भनी पोखरा महानगरपालिकाको ४८ औ कार्यपालिकाको बैठकबाट निर्णय भई आएकोले सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति २०७१ को दफा ७ (२) (क) को प्रयोजनार्थ गृह मन्त्रालयमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

११. गैरसरकारी महासंघ कास्कीले विपद् व्यवस्थापनको लागि के कति सहयोग उपलब्ध गराउन सक्ने हो रेडक्रस सोसाईटी जिल्ला शाखा कास्कीको समन्वयमा आवश्यक विवरण, राहत रकम एवम् सामाग्री उपलब्ध गराउने ।

१२. विपद्सँग सम्बन्धित वास्तविक सूचना र सो सँग सम्बन्धित सचेतनामूलक सूचना प्रकाशन गरिदिने बातावरणका लागी पत्रकार महासंघ पोखरालाई अनुरोध गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

२०७८/३/३

थानेश्वर गौतम
प्रमुख जिल्ला अधिकारी